नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ देखि कर्मचारीको तलब वृद्धि गरेको सन्दर्भसमेतलाई दृष्टिगत गर्दै शिक्षा तथा खेलकुद मन्त्रालयको प्रस्तावमा नेपाल सरकार मन्त्रिपरिषद्बाट सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी र माध्यमिक तथा आधारभूत तहमा शिक्षण सहयोग अनुदान कोटाअन्तर्गत कार्यरत शिक्षकहरूको पारिश्रमिक वृद्धि गर्ने निर्णय गरेको छ।

साविकमा सङ्घीय सरकारले प्रारम्भिक बालविकास/पूर्व प्राथमिक कक्षाका सहजकर्तालाई मासिक रु १२ हजार, विद्यालय सहायक कर्मचारीलाई मासिक रु १५ हजार र विद्यालय सहयोगीलाई मासिक रु १० हजार पारिश्रमिक अनुदान उपलब्ध गराउँदै आएकामा २०८३ साउनदेखि लागू हुने गरी निजहरूको पारिश्रमिक अनुदानमा मासिक रु ५ हजारका दरले वृद्धि गरिएको छ।

त्यसैगरी, शून्य दरबन्दी भएका विद्यालयमा निर्धारित माध्यमिक तह (कक्षा ९– १०) र आधारभूत तह (कक्षा ६– ८) मा शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकहरूको पारिश्रमिक क्रमशः माध्यमिक तृतीय श्रेणी र निम्नमाध्यमिक तृतीय श्रेणीको सुरु तलब बराबर कायम गर्ने निर्णयसमेत भएको छ।

उल्लिखित दरमा पारिश्रमिक वृद्धिका लागि चालु आर्थिक वर्षमा रु. ४ अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएकाले सोको व्यवस्थापन अर्थ मन्त्रालयबाट हुने सहमति पश्चात पारिश्रमिक अनुदान वृद्धि गर्ने निर्णय गरिएको हो।

श्रीप्रसाद भट्टराई
प्रवक्ता एवम् सहसचिव

मितिः २०८३/०५/०३

फोन नं.:
वेबसाइट :